नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री हिरालाल रेग्मीज्युले गरेको फैसला

मुद्दा-:अभद्र व्यवहार ।

मि.नं.-१४१ , दायर मिति-:२०७९-०६-१२

फैसला मिति-२०८०-०५-२८

| वादी | प्रतिवादी |
|---|---|
| बिशेश्वर यादवको जाहेरीले नेपाल सरकार------१ | जिल्ला पर्सा बहुदरमाई न.पा.वडा नं.०४ बहुअरी टोल बस्ने बर्ष ३५ को मनोज यादव समेत ३--१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

## तथ्य-खण्ड

१.प्रतिवादीहरुले लछारपछार गर्दै हात मुक्का तथा लठी फाठाले निर्मम कुटाई प्रहार गरि ढुंगा पत्थर समेतले निजको शरीरको बिभिन्न भागमा चोटपटक लगाई घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने बिशेश्वर यादवको जाहेरी दरखास्त।

२. लछारपछार,हात मुक्का,लठी फाठाले निर्मम कुटाई प्रहार गरि ढुंगा पत्थर समेतले निजको शरीरको बिभिन्न भागमा चोटपटक लगाई घाईते बनाई अभद्र व्यवहार गरेकोले मलाई पक्राउ गरेको हो भन्ने प्रतिवादीहरुको बयान कागज।

३. लछारपछार गर्दै हात मुक्का तथा लठी फाठाले निर्मम कुटाई प्रहार गरि ढुंगा पत्थर समेतले निजको शरीरको बिभिन्न भागमा चोटपटक लगाई घाईते बनाई अभद्र व्यवहार गरेकोले कडा कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका तबरेज आलम समेतको घटनाविवरण कागज।

४.वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।

५.जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

## ठहर-खण्ड

यसमा कसैलाई कुटपिट गरेको छैन भनी प्रतिवादीहरुले ईन्कारी बयान गरेतापनी मिति २०७९।०३।१९ गते अं.२०:०० बजेको समयमा जिल्ला पर्सा बहुदरमाई न.पा.वडा नं.०४ बहुअरी टोल बस्ने अकलु यादवको छोरा बर्ष २५ को रमेश यादवले बिनोद मिश्राको घर अगाडी सार्वजनिक सडक बाटोलमा एक्कलै रहेको मौका छोपी पैदल हिडी फर्की जाँदै गरेको अवस्थामा ऐ.ऐ.बस्ने ढोडा यादवको छोरा बर्ष ३५ को मनोज यादव,ढोडा यादवको छोरा बर्ष २८ को राजेश यादव र शंकर यादवको छोरा बर्ष ४२ को बिनोद यादव समेतले बाटो छेकी घेरामा पारी निज रमेश यादवलाई लछारपछार गरि हात मुक्का तथा लठी फाठाले निर्मम कुटाई प्रहार गरि ढुंगा पत्थर समेतले निजको शरीरको बिभिन्न भागमा चोटपटक लगाई घाईते बनाई अभद्र व्यवहार गरेको भन्ने घटनास्थल मुचुल्का, तथा बिशेश्वर यादवको जाहेरी दरखास्त, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादी गरेको बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादीहरु मनोज यादव,राजेश यादव र लाई जरिवाना जनही रु ४,०००।- गर्ने र बिनोद यादवलाई जरिवाना रु ३०००।- गर्ने। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

## तपसिल खण्ड

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादीहरु बिनोद यादवलाई ठहरेको जरिवानाको हकमा मिति २०८०-०४-२२ गते र.नं.३८ बाट दाखिला गरेको धरौटी रकम रु ३,०००।- बाट जरिवाना रकम रु ३,००० कट्टा गरि मिनाहा गर्नु र अर्को प्रतिवादीहरु मनोज यादव र राजेश यादवलाई टहरेको जरिवानाको हकमा मिति २०८०-०४-२३ गते र.नं.४२,४१ बाट दाखिला गरेको धरौटी रकम जनही रु ४,०००।- बाट जरिवाना रकम जनही रु ४,००० कट्टा गरि मिनाहा गर्नु ।------------१

२.प्रस्तुत फैसलामा चित नबुझे३५ दिन भित्र पर्सा जि.अ. बी. पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याद दिनु--१

३.फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु------------------------------------------------------१

४.प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु------१

हिरालाल रेग्मी

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत २०८० साल भाद्र महिना २८ गते रोज ५ शुभम् ........................